# बागीभूगोल
THE BAGEE BHOOGOL WEEKLY

◆वर्ष: १ ◆अंक: ५ ◆पूर्णाङ्क: ५ ◆२०८२ कार्तिक २३ गते आइतबार ◆Sunday, 9 Nov. 2025 ◆ने.सं. ११४६ ◆पृष्ठ:८ ◆मोल: नेरु. १०



'डिजाइन हाम्रो कला, शुद्धता हाम्रो धर्म'



अनमोल सुनचाँदी पसल
हेटौंडा-०१, राप्ती रोड
सम्पर्कः ०५७-५२७०४८, ९८४५१२३६६३


# मनहरी-५, कच्ची पुलमाथि बस, बससँगै कहिलेसम्म गुडिरहने डर ?




फोटोः दिपेन्द्र अधिकारी, उमेश अधिकारी, अर्जुन मिजार

**मदन जङ्ग गम्भीर/बागीभूगोल**
**मनहरी ।**

पश्चिम मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर ५ स्थित बसन्तुर, डिल्लीपुर जाने बाटो राप्ती नदी पार गरेर जानुपर्छ। यहाँ पुस्तौँदेखि माग भए पनि एउटा पक्की पुल बन्न सकेको छैन। यस वर्ष पनि कच्ची पुलमाथि सवार गरेरै वडाबासीको दैनिकी गुजार्नु पर्ने नियती छ। वडामा सवारी साधन आवतजावत गर्न प्रत्येक वर्ष खोलाको बहाव घटेपछि काठ वा ह्युमपाइपको कच्ची पुल राख्ने गरिन्छ।

दशैँअघि बन्नुपर्ने पुल यसपालि असोजको बाढीका कारण ढिला भयो, दशैँमा सवारी साधनहरु जैसिङ र रजैयामै थन्काएर पैदल गाउँ प्रवेश गर्नुपर्यो स्थानीयले, चार्डपर्वका लागि आवश्यक सामग्री बोकेरै वडा पुग्नु पर्‍यो। तिहार आउनै लागेको थियो, मनहरी-५ का वडा अध्यक्ष दीपेन्द्र अधिकारीको पहलमा गाउँ जान राप्ती खोलामा कच्ची पुल बन्न शुरु भयो। राप्ती नदीको बगरमा बिहानैदेखि ठूला सिमेन्टका ह्युमपाइप राखिँदै थिए। नदीको सुसेलासँगै बालुवाको चिसो गन्ध, वरिपरि टोलाएर दंग परेर हेर्दै गरेका बच्चाबच्ची, जेष्ठ नागरिक र एकछिन बस्दै हेरेर फर्किँदै गरेका खेतबारीमा पुग्न हतारिएका किसानहरू। सबैको आँखामा अस्थायी खुशी र एउटै अपेक्षा, 'यो पुल चाँडै बने गाउँको उत्पादन शहरसम्म सजिलै पुर्‍याउन सकिन्छ, सवारी साधन आवतजावत गर्न सजिलो हुन्छ, दैनिकी सहज बन्छ।' तर कार्तिक १३ गतेदेखि परेको सामान्य वर्षाले समेत खोलाको बहाव बढेर पुलको एक भाग बगायो। यस्तो सामान्य झरी पर्दासमेत वडाबासीले दुःख भोगिरहन परेको छ। पुलमा क्षति पुग्दा दुई दिन सवारी आवतजावत हुनसकेन, अहिले पुनः मर्मत गरेर सञ्चालनमा ल्याइएको छ।

त्यो पुल कुनै संरचनामात्रै होइन, कच्ची नै भए पनि मनहरी-५ का जनताको सासको डोरी हो।

किनभने जबसम्म यो अस्थायी ह्युमपाइपको पुल पूरा हुँदैन, तबसम्म गाउँको जनजीवन कष्टकर भइरहन्छ। नेताहरुलाई पुलको कुरा सुनाएर भोट माग्ने बानी परिरहन्छ।

**राप्तीले घेरेको 'टापु': सास पनि जोखिममा**

मनहरी गाउँपालिका-५, नेपालकै एउटा अनौठो भूगोल हो। पूर्व र उत्तर दुवैपट्टि राप्ती नदीले घेरेको छ, पश्चिमपट्टि चितवन राष्ट्रिय निकुञ्ज र दक्षिणपट्टि पर्सा राष्ट्रिय निकुञ्ज। बाहिरबाट हेर्दा यो क्षेत्र मानौं पृथक टापु हो, श्रीलंकाको नक्सा सम्झाउने खालको।

तर यही सुन्दरताभित्र लुकेको छ दुःखको गहिरो अध्याय। यहाँ पुग्न नदी नै बाटो हो र नदी नै बाधा पनि। जब बर्खा लाग्छ, राप्ती उर्लन्छ, बनेको कच्ची पुल पनि खोलाले बगाउँछ, बाटो हराउँछ, अनि गाउँ अलग्गिन्छ। बाहिरबाट गाउँसम्म पुग्न नसकिने, गाउँभित्रका उत्पादन, गाउँभित्रका बिरामी बाहिर निकाल्न नसकिने, राप्तीको बाढीसँगै जनजीवन पनि बर्खायामको ४ महिना बगिरहन्छ निरन्तर।

**पुल नभएको पीडा, पुस्तौँदेखि अधूरो कथा**

मनहरी-५ का बासिन्दाको लागि 'पुल बन्ने' वाक्य वर्षौंदेखि पुनरावृत्ति भइरहेकोछ। हरेक चुनावमा नेता आउँछन्, वाचा गर्छन्, राप्ती किनारमै हात मिलाएर जान्छन्। तर बर्खा लागेपछि पुल होइन, आशा बगाउँछ। नेताको अनुहार झल्झली याद दिलाउँछ।

विगतका दशकमा अस्थायी काठका, बाँसका पुलदेखि लिएर ह्युमपाइपका पुल बने तर सबै अस्थायी, सबै असुरक्षित। स्थानीय पाकाका अनुसार २०४३ सालतिर कास्कीबाट मनहरी-५ को भोजसिद्ध माध्यमिक विद्यालयमा पढाउन आउनु भएका शिक्षक बलराम पौडेल, जो निकै राम्रो कविता पनि सुनाउने गर्नु हुन्थ्यो, गाउँलाई चेतना दिने सर्जक हुनुहुन्थ्यो, सपरिवार कास्कीबाट यही गाउँमा ल्याउनु भएको थियो, उहाँलाई राप्ती खोलाले बगाएर निधन भयो, त्यो समय उहाँसँगै वडाका विद्यार्थीहरुको शिक्षा समेत बग्यो, सपना बग्यो, चेतनाको हम्मर पनि बग्यो। यस्ता घटना प्रत्येक वर्षको बर्खामा कैयौँपटक देखियो, भोगियो। २०७० सालअघि हरेक वर्ष बर्खामा २-४ जना खोलामा बगेर ज्यान गुमाउँथे। २०७० मा झोलुङ्गे पुल बनेपछि केही सहज भयो। त्यसपछि भने यस्ता घटना खासै भएका छैनन् तर केही वर्ष त नदीले सवारी साधनसमेत लत्यायो, अघिल्लो वर्ष अटो, बोलेरो र ट्रकसमेत बगायो। यसै वर्ष असोजको बाढीले पनी ट्र्याक्टर बगायो।




अहिले गाउँ प्रवेश गर्न २ वटा झोलुङ्गे छन्। एउटा रजैयाबाट दर्दरा जोडछ भने अर्को जैसिङबाट बसन्तपुर। जैसिङ-बसन्तपुरलाई राष्ट्रिय युवा संघ मनहरी ५ नम्वर वडाका युवाले तोरन झुन्ड्याएर भाइरल पुल समेत बनाएका छन्। पुलमा दैनिक टिकटक बनाउन, भिडियो सुटिङ गर्न र फोटो खिच्न आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गर्छ। अटो चालक, चटपटे पसल, चिया पसललगायतका व्यवसायले व्यापार गर्ने अवसर पनि पाएका छन्। ओझेलमा परेको मनहरी-५ चिनाउन महत्वपूर्ण भूमिका खेलेको छ यो पुलले। झोलुङ्गे पुल बनेपछि पैदल यात्री बाँच्न थाले तर सवारी साधन आवतजावत गर्न नसकेको पीडा भने उस्तै छ। हरेक वर्ष बर्खा शुरु भयो कि यो गाउँ पृथक् टापुमा रूपान्तरण हुन्छ। किसानको

**बाँकी पृष्ठ ६ मा..**

## बागीआवाज

-राजु सेन्चुरी



## अझै जनतामा आक्रोशको आँधी बढ्दैछ

*देशको राजनीतिमा फेरि उथलपुथल देखिँदैछ। नेता सडकमा जनसमर्थन देखाउने प्रतिस्पर्धामा छन्, तर जनता भने दिनप्रतिदिन महङ्गी, बेरोजगारी र अनिश्चित भविष्यसँग जुधिरहेका छन्। जनताले तिरेको कर, बढ्दो मूल्य, घट्दो आम्दानी र नबढ्ने आशा - यी नै आजका यथार्थ हुन्। तर नेताहरूको ध्यान अझै पनि सत्ता र शक्ति प्रदर्शनमा केन्द्रित छ।*

*जनताको पीडा सम्बोधन गर्नुभन्दा नेताहरूले जनतालाई भाषण र हल्लाले मात्र ढाक्ने प्रवृत्ति बढ्दो क्रममा छ। पहिला पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नारायणी किनारामा विशाल जनसभा गरी शक्ति प्रदर्शन गरे, त्यसपछि डा. दुर्गा प्रसाईंले*

**बाँकी पृष्ठ ५ मा..**




*ल्तीको सजाय बलात्कार ?*
*मीना कुमारी लामा*
*पृष्ठ ४*



*जाँडको ब्रान्ड*
*राजुराम राउत*
*पृष्ठ ४*



*एक प्लेट म:म-१० वटा,*
*मदन जङ्ग गम्भीर*
*पृष्ठ ५*



*एउटा चेपाङ युवा*
*जीविका अश्रु*
*पृष्ठ ६*

# याखारगि/गोरगी जामेकोला (नगर प्रमुख) चे गल्ती लामा सजाय बलात्कार ताबारि खाम्ला ?



मीना कुमारी लामा

**गोर्की जामेकोलाला उपयोगिता यौन आहिन् । गोर्की जामेकोलाचे लाबाला गल्तिला सजाय बलात्कार आहिन् । गोर्की जामेकोलाता बलात्कार चेन सोच्तिबा रेम्बोकोला चे राङ्ला आमा, नानाआङा, जामे नुन डन्को । शहरता जामेकोला मैत्री घोषणाा आबा डाछ्याङ ताम आरे । आज्याबा चिन्तनता ज्याबा घोषणा लाबारी चुनौतीला ताम हिन्न ।**



जामेकोला तासी याङ्बा जति गर्ब मुला । नेपाली ह्युल्बाङरी (समाजरी) जामेकोला तासी सोबा होततेन गाह्रो नुन मुला । अझ जेन्जी आन्दोलन लिच्छ ङाइ नेपाली समाजको (ह्युल्बाला) वास्तविक लि (अनुहार) म्राङ्बाला अनुभव लाबाला मुला ।

ङाइ हेटौँडा उपमहानगरपालिकाला क्षेत्रधिकारला ताम लाबामा हरेक नगरचे(जे) पहिलो प्राथमिकता राङला नगरबासीता पिन्बामुला । चुन कारण जम्मजेन राङ-राङ्ला नगरदा (ता) झकझाकाइ तितोबा मुला, मात्रै ता पाङ्बाला । ङदा(ङता) मधेश प्रदेशला विरोधी सोजि अनेक लाजी । धननेता ङाइ (ङै) गलत तासीपिन्न पाङ्सी दुईपटक (निराम) माफी रीसी ङाला माफीसे ता मानदिला र ।

'फेस बुक तेन ह्वाट्स याप' ला इन्बक्सरी ङादा बलात्कार लाबारी धम्कीला सूचनाकाते ङाइ पद्दिबा आहम्बा सम्माला मुबा । थेहेन्जेम मुनाङ मुनाङ फोन लासी तिराम रुपतासी चिसी घटनाबारेला विवाद टुङ्याइतिबा प्रस्ताव कतेकते । हर कुनै वडा जे पहिला राङाला वडा सोबारी जिम्मा किन्बामुला, थेराङ्लेन नगरजे पहिला राङ्ला नगर सोबामुला ।

थे लिच्छा अरु नगरता रो (साथ सहयोग) लादोबा मुला। ङाला व्यक्तिगत ताम लाबाम तिनी नुन दर्जन लानन (कोलाकदेता) बालबालिकालाई सहयोग लाबाला मुला । पढाइदिबाला मुला । थे मधेश, पहाड या हिमाल हानाङ्धामलान मुला । तर सरकारी निकायला नियम कानूनता वस्तै आलाना पाङ्सी चेन के(गे) लाबारी आहम ।

ङाइ हल्लाला लिच्छा लाग आतिना शान्त तासी वास्तविक ताम लासी चोसोलासी स्युरजी कि ङादा बलात्कार लासी लिच्छा हेटौँडाला केही युवाकादे शान्त तासेलावाला मुबा । ङाला ङामरी सोजि ङा क्यामसे जायज नाजायज (ज्याबा आज्याबा) फाइदा किनमारी माइमा आहम्ना हैरानी खेपतिबा (ङाला पर्दा लिच्छा चिसी ङादा बलात्कृत सोबारी माइबाला तथाकथित) कातेजे कलिला किशोरकिशोरीहरू प्रयोग लाबाला म्राङ्बाम नेपाली तथाकथित सचेत रेम्बोकोलाला कुरूप लि छर्लङ्ग म्राङ्जी ।

जेन्जी आन्दोलन लिच्छ ङाइ भोगेतिबाला पीडाला आधाररी ङ ठोक्दिसी पाङ्बा हाम्ला नेपाली कुनै नुन जामेकोला सुरक्षित आरे ।असुरक्षाला लागि जाम्मन रेम्बोकोलाकाते राक्षस/भूत (मङ) सोबारी आतोबा रीम। बहुमत सज्जन रेम्बोकोलानुन अगाडि नेपाली जामेकोला खुलेयाम बलात्कृत ताबा हाम्बा रिम ।

गोरगी उपमहानगरपालिकाला प्रमुखता बलात्कार लाय धम्कीला सन्देश निरन्तर हाबा तेन सार्वजनिक रूपरीसमेत सामाजिक सञ्जालरी ब्रीबाचे चु समाजरी (ह्युलरी) सामान्य जामेकोलाकते सुरक्षिछ्त मुला ?

चुन समयरी हेटौडा उपमहानगरता जामेकोला मैत्री सहर घोषणा लाबाला लागिरी केही के ताडिबा मुला । सेमरी उदासी पन तेन उमंग नि नुन ख्लाङ्डिबा मुला । जामेकोला मैत्री शहर घोषणा लाबाला लागिरी तिनि मिति २०८२/०७/१८ गते सहयोगी दाता संस्था युएनओपिएस तेन सम्झौता लाडिबम ङदा बलात्कार लाबा चाहना थान्बा सन्देश पुयाबा थे युवाकातेता झलझली डन्डिबा मुला । चु उपमहानगरपलिला जामेकोला मैत्री शहर घोषणा लाबा छ्यामनुन गोर्की/गोर्गी जामेकोला (अझ नगर प्रमुख) चे बलात्कारला धम्की सहि तितोला कि आतितोला ?

गोर्की जामेकोला (नगर प्रमुख) चे गल्ती लाजि पाङ्साम थे फिरी सजाय बलात्कार (अझ बजाररी बसी सामुहिक) ताला कि अरु कानूनी सजाय ताला ?

सेम भारी/गरुङ्गो (लिबा) ताजीबा मुला । तथापि गोर्की महत्वपूर्ण के हेटौँडा उपमहानगरपालिका नङरी आमा तेन नानाआङाला लागिरी ताबाला मुला । चु महत्वपूर्ण के री युएनओपिएस ला किन्ट्री डिरेक्टर कोमल कार्की, सरोज दाहाल तेन सम्पदा थापा प्रति लानन ज्याबा मुला ।


चोरङ लासी चु केला सम्झौतारी सकृय ताबारी वडा नं.८ ला अध्यक्ष राम थापा तेन वडा ४ का अध्यक्ष नविन सिग्देलगायत वडा अध्यक्षकते, प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, इन्जिनियर बिनित ओझालगायत नगर कर्मचारी, सरोकारवाला निकायकते तेन नगरला प्रबुध्द मि, सञ्चारकर्मी जमातन लानन ज्याबा थुजुसे ।

फेरि नून पाङ्ला,गोर्की जामेकोला बलात्कृत ताबारी नबाला आहिन । गोर्की जामेकोलाला उपयोगिता यौन आहिन् । गोर्की जामेकोलाचे लाबाला गल्तिला सजाय बलात्कार आहिन् । गोर्की जामेकोलाता बलात्कार चेन सोच्तिबा रेम्बोकोला चे राङ्ला आमा, नानाआङा, जामे नुन डन्को । शहरता जामेकोला मैत्री घोषणाा आबा ङाछ्याङ ताम आरे । आज्याबा चिन्तनता ज्याबा घोषणा लाबारी चुनौतीला ताम हिन्न । ***शब्द अनुवादः सन्देश थिङ***

## हामीलाई सम्झनुहोस्

सुन्दर चैनपुर, पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिकाको केन्द्र चैनपुर बजार । र, चैनपुरमा छ फिफोर होटेल एण्ड लज । खाना खान, बस्न, गोष्ठी, तालिम हलसहितको सुविधासम्पन्न होटल एण्ड लज । राक्सिराङ जाँदा कहाँ सुत्ने ? के खाने भनेर चिन्ता गर्नै पर्दैन । दैनिक ३० जनासम्म बसेर कार्यक्रम आयोजना गर्दै हुनुहुन्छ भने पनि सम्पर्क गर्नुहोस् ।

प्रो. बिरोध थिङ (बुद्धि)
सम्पर्कः ९७४८४ ६२०४२
९७००५ ५६२०९ (मेनेजर)





# हेटौंडा कपडाः कपडा बुनिथ्यो, सपना सुकिरहेछ

**बागीभूगोल संवाददाता**
**हेटौंडा ।**

हेटौंडाको बिहान पहिलेजस्तो चहलपहल छैन । कहिल्यै टुकी बाल्न नपर्ने गाउँहरु अब फेरि अँध्यारोमा छन्, रोजगार र आशाको अँध्यारोमा । एक समय नेपालकै गर्व थियो हेटौंडा, हेटौंडा कपडा उद्योगले चलाएको धुवाँले आकाश ढाक्थ्यो र त्यस धुवाँभित्र हजारौँ परिवारको जीवन बुनिएको थियो ।

अहिले त्यही ठाँउमा हावाले सिटी बजाउँछ, गेटमा झुन्डिएको पुरानो बोर्डमा 'हेटौंडा कपडा उद्योग लिमिटेड' लेखिएको छ तर 'लिमिटेड' भन्दा बढी समाप्त झैँ लाग्छ ।

एक समय कपडा उद्योग धुवाँले बोल्थ्यो, आज चिम्नी पुरै मौन छ । ९५ वर्षका सूर्यबहादुर स्याङ्तान अझै बिहान ६ बजे उठ्छन् । उनले अहिले पनि त्यो बाटो हिँड्छन्, उनलाई अहिलेपनि 'फोरम्यान स्याङ्तान' भनेर चिन्छन् । टुटेको गेटको ढोकाबाट भित्र हेर्दै उनी भन्छन्, 'यही चिम्नीले त हाम्रो घर उज्यालो बनाएको थियो । यही धुवाँले त हेटौंडालाई देशभर चिनाएको थियो नि छोरा ।'

त्यो बेला कपडाको रोल निकाल्ने आवाजले सारा उद्योग कम्पन्थ्यो । श्रमिकहरु हाँस्दै, गुनगुनाउँदै, पसिनासँगै कपडा बुन्थे । स्याङ्तान मुस्कुराउँदै भन्छन्, 'कपडा मात्र होइन, हामी आफ्नै भविष्य बुनिरहेका थियौँ ।'

विसं २०५७ माघ १८ गतेको मन्त्रिपरिषद्को निर्णयसँगै त्यो धुवाँ एकैचोटि हरायो । फाइलका नोटिङ र हस्ताक्षरले हेटौंडाको मुटुमा ताला ठोकेर गयो । सरकारी रिपोर्टले भनेको छ, 'कर्मचारी बढे, प्रविधि पुरानो भयो, बजार व्यवस्थापन कमजोर ।'

तर गाउँलेहरुको कथा फरक छ । 'राजनीतिले नचल्ने बनायो, हैन भने हाम्रो हातले चल्थ्यो,' भन्छन् स्थानीय श्रमिक निर्मला ढकाल, जसले त्यही उद्योगमा १४ वर्ष बिताइन् ।

उनी थप्छिन्, 'हामी कपडा बुनिरहेका थियौँ, र नेताहरु कुर्सी बुनिरहेका थिए । अन्त्यमा कुर्सी जित्यो, कपडा हरायो ।'



अब हेटौंडाका स्थानीयहरूले नयाँ बाटो खोजिरहेका छन् । निजीकरण होइन, स्थानीय स्वामित्व चाहियो भन्दै अहिले माग बढिरहेका छन् । हेटौंडाका युवाहरूको समूह 'कपडा पुनर्जागरण समिति'ले हरेक शनिबार पुरानो गेटमा झण्डा गाड्छ र भन्छ, 'हामीलाई यो चलाउन दिनुहोस्, नयाँ मेसिन ल्याउँछौं, पुरानो आत्मा जोगाउँछौं ।'

उनिहरूले चाहेका छन्, उद्योग सशस्त्र फोर्सको नियन्त्रणबाट हटाई स्थानीय सहकारी–मोडलमा पुनःसञ्चालन गरियोस् ।

तर सरकारसँग समय छैन, हामीसँग भावना छ,' भन्छन् स्थानीय युवा तेजबहादुर लामिछाने, जसका बुबा त्यही उद्योगमा वाचम्यान थिए ।

**हेटौँडाको पहिचानसँग गाँसिएको इतिहासः**


हेटौंडा औद्योगिक क्षेत्रका २ सय ३६ रोपनी जमिनमा बनेको त्यो उद्योगले एक समयमा १ हजार २ सय भन्दा बढी श्रमिकलाई प्रत्यक्ष रोजगार दिएको थियो ।

२०३६ सालको उद्योग मेलामा यो कारखानाले उत्पादन गरेको 'हेटौंडा ब्रान्डको कपडा' काठमाडौँदेखि बुटवलसम्मको पसलमा पाइन्थ्यो । 'हाम्रो गाउँका केटीहरु दुलही बनेर यही कपडा लगाएर जान्थे,' स्याङ्तान सम्झिन्छन्, 'त्यो गर्व अहिले किताबमा मात्र बाँकी छ।'

स्थानीय बासिन्दाहरूको एक स्वर छ, 'हामीलाई सरकारी राहत चाहिँदैन, अवसर चाहिन्छ । चिम्नी फेरि बलोस्, अनि हेटौँडाको जीवन फेरि चलोस् ।' साँझको बेला उद्योगको छेउमा रहेको चौतारोमा बुढापाका, युवा, महिला र कामदारका सन्तानहरु भेला हुन्छन् ।

कसैले पुरानो तस्वीर देखाउँछ, कसैले कपडाको नमुना निकाल्छ । अनि हावा चल्छ त्यही दिशातिर, जहाँ पहिले कपडाको धुवाँ निस्कन्थ्यो ।

जेन्जी आन्दोलनपछी सरकार परिवर्तनसङ्गै हेटौँडेलीको आसा फेरि पलाएकोछ । बन्द भएको कपडा उद्योग फेरि सञ्चालनमा आउँछ भन्ने आसामा छन स्थानियहरू ।




बागीभूगोल साप्ताहिक
तपाईंको घरमा आइपुग्यो ? आइपुगेको छैन भने सम्पर्क गर्नुहोस् । यस्तै, समाचार, सूचना र विज्ञापनका लागि सम्झनुहोस् ।
सम्पर्कः ९७६३७७९१५२

# प्रदेश सरकारको बजेट कटौतीः सबै असन्तुष्ट

**बागीभूगोल संवाददाता**
**हेटौंडा ।**

बागमती प्रदेश सरकारद्वारा चालु आर्थिक वर्षमा १४ वटै मन्त्रालय र मातहतका कार्यालयहरूको बजेट १० देखि ५० प्रतिशतसम्म कटौती भएपछि चालु खर्चदेखि विकास योजनासम्म प्रभावित बनेका छन् ।

आकस्मिक रूपमा गरिएको खर्च कटौतीका कारण मन्त्रालय र कार्यालयहरुले नियमित कामकाज गर्न समेत नसकेको कर्मचारीहरूले गुनासो गरेका छन् ।

अघिल्ला मुख्यमन्त्री बहादुर सिंह लामा नेतृत्वको सरकारले ल्याएको बजेट भन्दै कटौती गरिएको रकम करिब १० अर्ब रूपैयाँ बराबर बचत हुन सक्ने बताइन्छ । तर कटौतीपछि जम्मा भएको रकम कहाँ कसरी लगानी गर्ने भन्ने विषयमा कुनै दीर्घकालीन रणनीति नदेखिएकाले बजेट खर्च नहुने अवस्था निश्चितजस्तै भएको कर्मचारीहरूको भनाइ छ।

मन्त्रालय तथा मातहतका कार्यालयहरूलाई कुन आधारमा र कसरी बजेट कटौती गरियो भन्नेबारे लिखित जानकारी नदिइएकै कारण कर्मचारीहरु अन्योलमा परेको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका एक कार्यालयका प्रमुखले बताए ।

विशेषगरी भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सिँचाइ मन्त्रालयअन्तर्गतका कार्यालयहरूले 'ठेक्का कसरी र कुन शीर्षकमा बजेट किताबका आधारमा की अहिले बजेट कटौती गरिएको आधारमा गर्नेभनी समस्या भएको ती कर्मचारी बताउँछन् ।

मन्त्रालयहरूबाट यसरी काम गर्ने र ठेक्का लगाउने भन्ने विषयमा स्पष्ट निर्देशन नआउँदा थप समस्या भएको र यो बजेट कटौतीको परिपाटीले थप समस्या हुने सिंचाइ मन्त्रालय अन्तरगतका एक जना कार्यालय प्रमुखले बताए ।

*१० लाख कमका योजना कटौतीका सवालमा सरकार को चलखेलमा नियत सफा नभएको आशंका*

चालु आर्थिक वर्षका लागि नयाँ ठेक्का प्रक्रियासमेत अघि बढाउन नसकेको उनले बताए ।

प्रदेश सरकारका सांसदहरु पनि सरकारले अपनाएको शैलीप्रति शंका व्यक्त गर्छन् । पहिले १० लाख रूपैयाँ भन्दा मुनिका योजना कटौती गर्ने निर्णय गरिएकै सर्कुलरपछि सरकार आफैँ पछि हटेको र अहिले पुनः सोही निर्णय कार्यान्वयन गरिँदै गरेको भन्दै उनीहरूले सरकारको नियत 'सफा नदेखिएको' टिप्पणी गरेका छन् ।

संसद बैठक बसेको भए संसदमा कुरा राख्न पाउथे तर संसद बैठक पनि नभएकालेले सांसदहरूले व्यक्तिगत रूपमा राखिएको विषय सरकारले नसुनेको गुनासो छ ।

बजेट कटौतीका प्रभाव तत्कालै देखिन थालेपछि कर्मचारी र सांसदहरूले प्रदेश सरकारसँग स्पष्ट कार्ययोजना र पारदर्शी प्रक्रिया माग गरेका छन् । सरकारको अस्पष्टताकै कारण विकास निर्माणदेखि प्रशासनिक सेवा प्रवाहसम्म ठप्प हुन गएको उनीहरूको तर्क छ।

यता प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरू भने जेन्जी आन्दोलनका कारण ध्वस्त भएका मन्त्रालय र कार्यालयहरू मर्मत र निर्माणका लागि बजेट कटौती गरेको बताएका छन् ।

तर, कार्यालयहरू मर्मतका लागि शहरि विकास तथा भवन कार्यालयले ठेक्का लगाइसकेको छ । त्यसमा धेरै खर्च नहुने निस्चित जस्तै छ ।

मन्त्रालय र कार्यालयहरूको मर्मत र फर्निचरहरू समेत गरेर करिब ३५ करोड रूपैयाँसम्म खर्च हुने आकलन गरिए पनि ठूलो र कम कटौती गर्नु खोज्नुले कर्मचारीदेखि सांसदहरू समेत असन्तुष्ट बनेका छन् ।

बागीभूगोल THE BAGEE BHOOGOL WEEKLY
हामी आउँदैछौँ तपाईंको घरदैलोमा
पढ्ने पत्रिका, पत्रिका पढ्नेलाई सुविधैसुविधा ।
क. पत्रिका मात्रै पढ्दा
महिनाको नेरु १५०/-
तीन महिनाका नेरु ४००/-
छ महिनाको नेरु ७००/-
वर्षभरिको नेरु १,२००/-
ख. पत्रिका र वर्षमा दुई विज्ञापन
वर्षभरि पत्रिका अनि नयाँ वर्ष र बडादशैं तथा तिहार या नयाँ वर्ष र तपाईंको ठूलो चाड (लोसार, क्रिसमस, छठ, माघीलगायत) का दुई रंगीन विज्ञापन
मात्र वर्षको नेरु ४,०००/-
ग. वर्षभरि पत्रिका र विज्ञापन
वर्षभरि पत्रिका, वर्षभरि विज्ञापन (१० रंगीन, ३५ श्यामश्वेत)
जन्मदिनको शुभकामना एसएमएस
व्यापार व्यवसाय प्रवर्द्धनको एउटा रंगीन फिचर हेटौंडाका विभिन्न रेन्टुरेन्ट, होटल, रिसोर्ट, मेडिकल, हस्पिटल, सुनका गहना बनाउँदा कपडा सिलाउँदा, शैक्षिक सामग्री खरिदसँगै अन्य दैनिक जीवनका सरोकार राख्ने विशेषमा खास छुटसहितको अफर ।
मात्र वर्षको नेरु १०,०००/-

बागीभूगोल साप्ताहिक
www.jyarlak.com
सम्पर्कः ९७६३७७९१५२

हार्दिक शुभकामना
मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

विशेष पोष्ट
www.bisheshpost.com हरेक समाचार विशेष

# सम्पादकीय

## बाँकी एक वर्ष र कैराममा आशा

*कैलाश, राक्सिराङ र मनहरी । यी तीन गाउँपालिका पश्चिम मकवानपुरमा पर्छन् । जसलाई छोटकरीमा कैराम भनेर चिनाउने हाम्रो प्रयास छ । कै-कैलाश, रा-राक्सिराङ, म-मनहरी । यस ३ पालिकाले २०८२ सालका साउन, भदौ र असोज महिनामा देखाएका विकास गतिविधि सानो भए पनि आशाजनक देखिन्छन् । मनहरीले पुल निर्माण र पूर्वाधार विस्तारमा गति ल्यायो, राक्सिराङले आगामी वर्षका नीति, कार्यक्रमका तयारीमा छलफल गऱ्यो र कैलाशले स्वास्थ्य सेवा र बजेट सहभागितामार्फत स्थानीय जनताको पहुँचमा सुधार ल्यायो । यी कामहरूले देखाउँछन् गाउँपालिकाहरूले अब योजना बनाउन मात्र होइन, कार्यान्वयनको दिशातिर पनि पाइला चालिरहेका छन् ।*

*तर समय अब बाँकी ८ महिना मात्र छ । यो कार्यकाल जितेका जनप्रतिनिधिहरुको अब लगभग समय एक वर्षको हाराहारीमा छ भन्दा फरक पर्दैन । समय अरु केही महिना बाँकी भए पनि निर्वाचन आचारसंहितालगायत निर्वाचनको तयारीले अब काम गर्ने समय लगभग एक वर्ष भन्दा फरक पर्दैन । स्थानीय सरकारको यो कार्यकालले जनताको भरोसा पुनःस्थापना गर्न यही समयलाई भरपुर प्रयोग गर्नुपर्नेछ । अहिलेसम्म भएका साना कामलाई दीगो रूप दिन, अधूरा योजना पूरा गर्न र परिणाममुखी विकास देखाउनुपर्ने चुनौती अब सघन छ । पुल र सडक बनेर मात्र पुग्दैन, त्यसले किसानको उत्पादन बजारमा पुऱ्याओस्, स्वास्थ्य कार्यक्रम चलेर मात्र पुग्दैन, त्यसले रोग नियन्त्रणको आँकडा घटाओस् ।*

*अब पालिकाहरूले योजनाको फाइल होइन, परिणामको प्रमाण देखाउने बेला आएको छ । जनताको अपेक्षा अब भाषण होइन, व्यवहार हो भन्ने देखाउन जरुरी छ । विद्यालयमा शिक्षक उपस्थित रहोस्, बाटोमा बत्ती बलोस्, खानेपानी निरन्तर बगोस् । यी साना देखिने तर दैनिक जीवन बदल्ने कुराहरूले नै स्थानीय सरकारको वास्तविक मूल्याङ्कन तय गर्नेछन् । यदि बाँकी वर्षमा यी पालिकाहरूले पारदर्शिता, जनसहभागिता र दीगो परिणाममा जोड दिए भनेमात्र पश्चिम मकवानपुर दुर्गम भन्ने चिनारीबाट उठ्नेछ । नत्र, कागजी योजना र अस्थायी कार्यक्रममै विकासको कथा फेरि अड्किनेछ । अब निर्णायक समय शुरु भइसकेको छ, विकासका वाचा होइन, व्यवहारले बोल्ने वर्ष यही हो ।*

# एउटी महिला (नगर प्रमुख)ले गल्ती गर्दा सजाय बलात्कार हुनसक्छ ?



मीना कुमारी लामा

महिला भएर जन्मनु जति गर्व छ । नेपाली समाजमा महिला भएर बाँच्नु त्यति कठिन छ । अझ जेन्जी आन्दोलनपछि मैले नेपाली समाजको वास्तविक अनुहार देखेको र अनुभव गरेकी छु । मैले हेटौँडा उपमहानगरपालिकाको क्षेत्राधिकारको कुरा गर्दै हरेक नगरले पहिलो प्राथमिकता आफ्ना नगरबासीलाई दिन्छ । यसै कारण सबैले आआफ्नो नगरलाई झक्झक्याउनु पर्छ मात्रै के भनेकी थिएँ । मलाई मधेश प्रदेशको विरोधी बनाएर अनेक गरियो । अहिलेलाई मै गलत भइदिन्छु भनेर दुईपटक माफी मागेँ, मेरो माफीले के मान्थ्यो ।

'फेसबुक र ह्वाट्स यप' का इन्बक्समा बलात्कार गर्ने धम्कीका सूचना मैले पढिनसक्नु थिए । अनि राति फोन गरेर एकपटक भेटेर बसेर घटनाबारे विवाद टुङ्ग्याउने प्रस्ताव कतिकति ।

हर कुनै वडाले पहिला आफ्नो वडा बनाउने जिम्मा लिन्छ, त्यस्तै नगरले पहिला आफ्नो नगर बनाउँछ । त्यसपछि अन्य नगरलाई साथ सहयोग गर्ने हो । मेरो व्यक्तिगत कुरा गर्दा आज पनि दर्जन बढी बालबालिकालाई सहयोग गरेकी छु । पढाएकी छु । ती मधेश, पहाड या हिमाल जहाँका पनि छन् । तर सरकारी निकायको नियमकानूनको वास्तै नगरी बोलेर मात्रै काम गर्न सकिन्न । मैले हल्लाको पछि नलागी शान्त भएर वास्तविक कुरा गर्दा यसरी लखेटियो कि मलाई बलात्कार गरेपछि हेटौँडाका केही युवा शान्त हुनेवाला थिए ।

मेरो नजिक बनेर मबाट जायज नाजायज फाइदा लिन खोज्दा नसकेर हैरानी खेपेका (मेरो पर्दा पछाडि बसेर मलाई बलात्कृत बनाउन खाजेका तथाकथित)हरूले कलिला किशोरकिशोरीहरू प्रयोग गरेको देख्दा नेपाली तथाकथित सचेत पुरूषको कुरूप अनुहार छर्लङ्ग देखेँ । जेन्जी आन्दोलनपछि मैले भोगेको पीडाका आधारमा म ठोकेर भन्न सक्छु, नेपाली कुनै पनि महिला सुरक्षित छैनन् । असुरक्षाका लागि सबै पुरूष राक्षस बन्नु नपर्ने रहेछ । बहुमत सज्जन पुरूषकै अगाडि नेपाली महिला खुलेयाम बलातकृत हुनसक्ने रहिछन् ।

एउटा उपमहानगर पालिकाको प्रमुखलाई बलात्कार गर्ने धम्कीका सन्देश निरन्तर आउनु र सार्वजनिकरूपमा समेत सामाजिक सञ्जालमा लेख्नुले यो समाजमा सामान्य नारीहरू सुरक्षित छन् त ?

यही समयमा हेटौँडा उपमहानगरलाई महिलामैत्री शहर घोषणा गर्न केही काम हुँदैछ । मनमा उदाशीपन र उमंग दुवै खेलिरहेका छन् । महिलामैत्री शहर घोषणा गर्न कात्तिक १८ गते सहयोगी दातासंस्था युएनओपिएससँग सम्झौता गरि रहँदा मलाई बलात्कार गर्ने चाहना राख्दै सन्देश पठाउने ती युवाहरूलाई झल्झली सम्झिरहेकी छु ।

यो उपमहानगरपलिका महिलामैत्री शहर घोषणासँगै एउटी महिला (अझ नगर प्रमुख) ले बलात्कारको धम्की सहनु पर्ला कि नपर्ला ? एउटी महिला (नगर प्रमुख) ले गल्ती गरिछिन् भने उनीमाथिको सजाय बलात्कार (अझ बजारमा ल्याएर सामुहिक) होला कि अन्य कानूनी सजाय होला ? मन भारी बनेको छ ।

तथापि एउटा महत्वपूर्ण काम हेटौँडा उपमहानगर पालिकाभित्रका आमा र दिदीबहिनीका लागि भएको छ । यो महत्वपूर्ण कार्यमा युएनओपिएसका कन्ट्री डिरेक्टर कोमल कार्की, सरोज दाहाल र सम्पदा थापाप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यो कार्यको सम्झौतामा सकृय रहनुभएका वडा नं ८ का अध्यक्ष राम थापा र वडा नं ४ का अध्यक्ष नवीन सिग्देललगायत वडाअध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, इञ्जिनियर बिनित ओझा-लगायत नगर कर्मचारी, सरोकार वाला निकायहरू र नगरका प्रबुद्ध व्यक्ति, सञ्चार कर्मी सबैमा हार्दिक आभार र धन्यवाद ।

फेरि पनि भन्छु, एउटी नारी बलात्कृत हुन जन्मिएकी होइन । एउटी नारीको उपयोगिता यौन होइन । एउटी नारीले गरेको गल्तीको सजाय बलात्कार होइन । एउटी नारीलाई बलात्कार मात्रै सोच्ने पुरूष (युवा)ले आफ्नो आमा, दिदीबहिनी र छोरी पनि सम्झनुस् । शहरलाई महिलामैत्री घोषणाा गर्नु ठूलो कुरा भएन, नकारात्मक चिन्तनलाई सकारात्मक घोषणा गराउनु चुनौती हो ।

**(प्रमुख, हेटौँडा उपमहानगर पालिका)**

# जाँडको ब्रान्ड र ब्रान्डको जाँड



राजुराम राउत

आजको नेपाली समाजमा रक्सी नपिउने व्यक्ति बिरलै पाइन्छ । चिकित्सक, वकिल, शिक्षक, पत्रकार, व्यापारी, कर्मचारीदेखि लिएर मन्त्रीसम्मका भान्सा घरमा ब्रान्डेड बोतल लुकाएर राखिएको दृश्य सामान्य भइसकेको छ । तर यही समाज कसैले चिया पसलको कुनामा सस्तो जाँडको कप लिएर पिएपछि भने ऊ 'जाँडे', 'जँड्याहा' र 'टल्लि' जस्ता अति सम्मानका शब्दले विभूषित हुन्छ । रक्सी उस्तै, केमिकल उस्तै एथानोल, तर मूल्य र ब्रान्डअनुसार व्यक्तिको सामाजिक छवि भने पृथक ।

रक्सीको केमिकल नाम हो अल्कोहल, जसलाई वैज्ञानिक भाषामा सिटु एचफाइभ ओ एच भनिन्छ । तर समाजले पिउनेको वर्गीकरण भने बोतलको रंग, लेबल र मूल्यअनुसार गरेको छ । बजारमा उपलब्ध ब्रान्डहरूको नाम लिँदा ब्लु लेबल, रेडलेबल, चिभास रिगल, म्याक्डोनाल्ड्स, एब्स्योलुट भोड्का, बकार्डी, हेनकेइन, कोरोना, ज्याक डेनियल्स, वाइन फ्रम फ्रान्स, स्कच फ्रम स्कटल्यान्ड लगायतका नाम उच्चारण गर्दा जिब्रो नै अंग्रेजी उच्चारणमा घुम्छ, बोतल समातेको हातले घडी देखिन्छ, अनि पिउने ठाउँ 'लाउन्ज' या 'रेस्ट्रोबार' हुन्छ भने त्यो जाँड होइन, त्यो त सोफिस्टिकेटेड ड्रिंक हो ! जुन क्याज्वल पिइन्छ रे । त्यही अल्कोहलले बनाएको खाँटी घरेलु जाँड, छ्याङ वा तोङ्बा अथवा जनजिब्रो 'खोया बिर्को' जुन थरुहट, राई-लिम्बू, मगर-गुरुङ, नेवार, शेर्पा समुदायको सांस्कृतिक परम्परा हो । त्यही समाजले हेपेको छ । फर्केर हेर्दा जाँडको सामाजिक ब्रान्डिङलाई बुझ्नुभन्दा सजिलो सामाजिक दर्पण अर्को छैन ।

नेपालमा रक्सी पिउने मान्छे दुई प्रकारका हुन्छन्, 'पिउन जान्ने' र 'पिउन नजान्ने' । पिउन जान्ने भनेको त्यो हो जसले रेडवाइन सल्काएर पिउँछ, गिलास झुकाएर गन्ध सुँघ्छ, घुमाउँछ अनि सानो सिपमा चुस्क्याउँछ । ऊ राम्रो सर्ट लगाउँछ, इंग्लिस बोल्छ, बिल कार्डमा तिर्छ, अनि गाडी ड्राइभर ले चलाउँछ । उसलाई समाजले आधुनिक, लिबरल र स्मार्ट भन्छ । अर्कोतर्फ, जसले चिया कपमै खोया बिर्को पिउँछ, कहिलेकाहीँ मातेर घर नजिकैको खोल्सामा लड्छ, अनि भोलिपल्ट टाउको समाउँदै आइतबार बिहान पसल झर्छ त्यो जँड्याहा हो । यो विभेद केबल रक्सीको मूल्य र प्रस्तुतिमा हो, न कि यसको असरमा । जति ब्रान्डेड भए पनि पेटभित्र पस्दा सबै रक्सीको अन्तिम गन्तव्य एउटै हो परिवार, कलेजो, मुटु, दिमाग र अन्ततः समाज । रक्सी पूर्णरूपमा नकारात्मक हो भन्ने होइन । यसको मतलब रक्सि पिउन बढावा दिएकोचाहिँ पक्कै होइन है ! धेरै संस्कृतिमा यो सामाजिक सम्बन्ध सुदृढ पार्ने, चिसो मौसममा शरीर तताउने, अनि मधुरतालाई बढाउने माध्यमका रूपमा प्रयोग भएको पाइन्छ । शोधहरू भन्छन्, मात्रा र मर्यादामा पिएको रक्सीले रक्तसञ्चार बढाउने, तनाव कम गर्ने र कहिलेकहीँ रचनात्मकता बढाउने कामसमेत गर्छ । धेरै साहित्यकार, कवि, कलाकारले केही मात्रा रक्सी पिएर सिर्जनात्मक रागमा लेखेका छन् । समाजमा हाँसो, रमाइलो र आत्मीयता बाँड्न पनि यसले भूमिका खेलेको छ । यस्तै, ग्रामीण क्षेत्रमा घरमै बनाइने घरेलु जाँडले आर्थिक सशक्तिकरणमा समेत भूमिका खेलेको छ । घरगाउँमा बनाइने छ्याङ, तोङ्बा वा रक्सी बिक्रीबाट कतिपय महिला स्वआर्जनबाट निर्भर बनिरहेका छन् ।

तर नकारात्मक पक्ष गम्भीर छन् । जब यो मर्यादा भन्दा बाहिर जान्छ, रक्सीले विनाश ल्याउँछ । केही उदाहरण यसरी दिन सकिन्छ;

**घरेलु हिंसाः** धेरै घरेलु हिंसाका घटना रक्सी सेवनपछि हुने गरेका छन् ।

**सवारी दुर्घटनाः** नेपालमा भएका कुल सवारी दुर्घटनामध्ये करिब ३०% भन्दा बढी दुर्घटनाको कारण रक्सीपछिको सवारी चलाउनु हो ।

**स्वास्थ्य समस्याः** नियमित र अत्यधिक रक्सी सेवनले लिभर सिरोसिस, हाइ ब्लड प्रेसर, प्यान्क्रियाटाइटिस र मानसिक रोग निम्त्याउँछ ।

**युवा पुस्ताः** पछिल्ला दिनमा सफ्ट ड्रिङ्क्स त हो नि भन्दै, बियर, साइडर र प्रिमिक्स्ड ड्रिंकहरूमार्फत किशोर-किशोरीहरू समेत रक्सी सेवनमा आकृष्ट हुँदै गएका छन् ।

यसै सन्दर्भमा समाजले कसैलाई टन्न पिएर झगडा गरेपछि जँड्याहा भन्नु गलत होइन । त्यस्ता व्यक्ति सडकमा लड्छन्, हुलहुज्जत गर्छन्, जसले परिवार, समाज र देशकै छवि बिगार्छ ।

आजकल रक्सीमा वर्गीय परिभाषासमेत देखिन थालेको छः बोतलको मूल्य= प्रतिष्ठा ? आज रक्सी केबल पेय पदार्थ होइन, 'स्ट्याटस सिम्बोल' बनेको छ । ह्विस्कीको बोतल १० हजारको भयो भने त्यो पिउनेलाई समाजले 'पार्टी लभर' भन्छ ।

त्यो सस्तो चिनी वा खुँदोको जाँड ५० रुपैयाँमा पिउनेलाई चाहिँ 'घरको छोरो बर्बाद' भन्छ । के यो न्याय हो ? एउटै रासायनिक तत्वको व्यवहार समाजले मूल्य र बोतल हेरेर किन गर्छ ? किनभने, नेपाली समाज अझै पनि बोतल हेर्छ, आत्मा होइन ।

संक्षिप्त भन्नुपर्दा पिउनु अपराध होइन, मातेर समाज भत्काउनु अपराध हो । रक्सी आफैँमा दोषी होइन । दोषी त उसलाई मात गर्न प्रयोग गर्ने प्रवृत्ति हो । जसले आफ्नो विवेक बचाएर पिउँछ, ऊ सभ्य हो । तर जसले मातिएर हिंसा गर्छ, बाटोमा लड्छ, समाजलाई दुःख दिन्छ, ऊ 'जाँडे' मात्र होइन, समाजकै कलंक हो ।

त्यसैले, जाँड पिउनु हुँदैन भन्नु होइन, तर सीमित र सुसंस्कृत तरिकाले पिउनु पर्छ । ब्रान्ड हेरेर इज्जत दिने, घरेलु देखेर हेप्ने प्रवृत्तिमा फेर बदल आवश्यक छ । रक्सीको नाम होइन, त्यसपछिको व्यवहार समाजले मूल्याङ्कन गर्नुपर्छ । आज नेपाली समाजमा रक्सी मात्र पिउँदै छैन, रक्सीलाई वर्गीय मानसिकताको लठ्ठी बनाएर मान्छे ठोक्दैछ ।

बोतलभित्र अल्कोहल मात्र छैन, त्यहाँ समाजको चेतना पनि बन्द छ । त्यसैले, अब चेतनाको ढक्कन खोलौँ, न ब्रान्ड हेरेर उँचो देखौँ, न त सस्तो जाँड पिएको भनेर कसैलाई जँड्याहा बनाऔँ ।

जि.प्र.का.मकवानपुर दर्ता नं. १५२/२०८२/८३
www.jyarlak.com

# एक प्लेट म:म-१० वटा, ८ जनाले खाने सहमति, एउटा सिङ्गापुरको गुड्ने कुर्सीमा, अर्को गुण्डुमा अडकियो 'तुथपिनले' पनि निकाल्न सकेन



**मदन जङ्ग गम्भीर**

काठमाडौँको एउटा गल्लीमा म:म पसल छ ।

गल्ली साँघुरो, तर भोक ठूला । टेबलमा एक प्लेट तात्तातो म:म ल्याएर पसलेले राख्दिन्छ । बासनाले मन नै खुशी बनाउने ।

वरिपरि आठ जना ठूला मान्छे बसेका छन् । कसैको हातमा काँटा र चम्चा, कसैको खल्तीमा लुकेको ।

कसैको अनुहारमा क्रान्तिको झल्को, कसैको हाँसोतिर सत्ता झल्किन्छ ।

म:म सोच्दैछ मलाई यिनीहरूले कसरी खान्छन् होला ?

प्लेटमा एक प्लेट अर्थात जम्मा १० वटा म:म छन् ।

आठवटा त त्यहीं टेबलमै बाँड्ने सम्झौता भयो, बाँकी दुई टुक्रा भने उछिट्टिए, एक सिधै सिङ्गापुरको गुड्ने कुर्सीमा गएर ठोक्कियो, अर्को गुण्डुमा अड्कियो, 'तुथपिन'ले पनि निकाल्न गाह्रो भयो ।

त्यो देखेर म:मले सुस्केरा हाल्यो र सोच्यो, 'म जनताको तातो भोक मेटाउन जन्मेको होकि यिनीहरूको भागबण्डा मिलाउन ?'

रातो टाइ लगाएको फुलेका जुङ्गा पालेको पहिलो मान्छेले काँटा उचाल्दै भन्छ, 'यो म:मको स्वाद हामी सबैको साझा हो, त्यसैले हामी मिल्नुपर्छ ।'

दोस्रोले तुरुन्तै चम्चा घोच्दै भन्यो, 'हो, साझा हो, तर टुक्रा चाहिँ ठ्याक्कै बराबर हुनुपर्छ ।'

तेस्रोले सास थप्दै भन्यो, 'हामीले समाजवादको नून हालिदिन्छौँ ।'

चौथोले भने, 'हामीले एकताको भाप चलाउँछौँ ।'

म:म हाँस्यो, 'अरे, हजुरहरु त मलाई खानुभन्दा अघि नै घोषणापत्र पढ्न थाल्नुभा ?'

म:म कसले कसरी खाने भन्ने सहमतिपत्रको टेबलमा कागज पनि छ, त्यसैमा सासको थोपा, तेलको दाग र ठूला हस्ताक्षर ।

१६ बुँदामा एउटा पनि 'जनताको पेट' भन्ने शब्द छैन ।

म:म सोच्दैछ, 'मलाई तिनले बाँड्न थाले तर भोका जनतालाई बाँड्छन कि नाइ ?'

त्यही बेला टेबलको कुनामा फोन बज्छ ।

'सिङ्गापुरबाट कनेक्सन !'

फोनमा आवाज आयो, 'म उपचारमा छु, अहिले त्यो प्लेटको म:म नखानु भनेकोछ डाक्टरले । तर हामीसँग मिलेर मिठाई खान अनुरोध गर्दछु, हाम्रो मिठाइमा मिठास भेटिन्छ ।'

सबैले भने, 'हुन्छ देउ.....बा... सर !'

म:मले कान ढाक्यो, 'अब त सास पनि विदेशबाट निर्देशनमा आउँछ रे !'

उता गुण्डुको दिशातिर अर्को आवाज आउँछ, 'त्यो प्लेट त्यस्तै राख्नुस्, म ध्यानमा छु ।'

ओ.......ली सूत्रले गुण्डुबाट घोषणा पठाए, 'म नभए त्यो म:म मा सहमति हुँदैन, म सहमतिमा आउन पनि सक्छु । म सहमतिमा आउन रौतहटको भैँसीको म:म मिस्सिएको हुनुहुँदैन, त्यहाँ मिसिएको एउटा डल्लो फाल्नुपर्छ ।'

म:मले भाप निकाल्दै भन्यो, 'देशको भान्सा त तपाईंहरु उठ्दा मात्रै उम्लिन्छ नि !'

प्लेट वरिपरि बाँकी नेताहरु पनि उत्साहित छन् ।

एकले भने, 'हामी अब नयाँ प्लेट म:म मगाउँछौ, झोल अचारको एकतासहित ।'

अर्कोले थप्यो, 'होइन-होइन नयाँ म:म नै बनाउनुपर्छ ।'

तेस्रोले भने, 'समानता ल्याउँछौँ, सबैले खान मिल्ने बनाउनुपर्छ ।'

तर म:मले मनमनै भन्यो, 'तपाईंहरु बराबर बाँड्न नसक्ने, समानता कसरी ल्याउनु ?'

त्यसपछि शुरु भयो बाँड फाँटको खेल। पहिलोले दुई टुक्रा लियो, किनभने ऊ 'अध्यक्ष' हो ।

दोस्रोले भन्यो, 'हाम्रो पनि त योगदान छ ।'

तेस्रोले भने, 'हामी नबसेको भए एकता सम्भव थिएन ।'

र अन्ततः बाँकी पाँचवटा टुक्रा पनि बिस्तारै उनीहरूसँगै प्लेटमा हराए ।

अब प्लेटबाट उछिट्टिएका २ वटा मात्र बाँकी छन् ।

तर ती पनि त्यहा छैनन्, एक सिङ्गापुरमा, अर्को गुण्डुतिर अलमल्ल परेर बसेका छन् ।

काठमाडौँको त्यो गल्लीमा भने पसले टेबल पुछ्दै हाँस्छ र भन्छ, 'हरे, यी मिल्न नसकेकाहरूले त म:मलाई संविधानजस्तो बनाए, सबैले आफ्नो अंश पाउन खोज्ने, तर कसैले साँचो स्वाद लिनै जानेनन् ।'

त्यहीबेला छेउको ग्राहकले सोध्यो, 'अब अर्को प्लेट म:म पनि आउँछ त साहुजी ?'

पसले भन्छ, 'प्लेट त आउँछ, तर खाने यिनीहरूले हो, झगडा गर्छन्, मिल्छन्, सम्झौता गर्छन्, अनेक जुक्ति लगाएर यिनीहरूले खान्छन् ।'

साँझ पर्‍यो, गल्लीको बत्ती बल्यो । पत्रकारहरु माइक लिएर आए, '८ जनाको म:म खाने ऐतिहासिक एकता सम्पन्न !'

फोटो खिचियो । बीचमा प्लेट, वरिपरि ती ८ व्यक्तिहरु, पृष्ठभूमिमा 'राष्ट्रिय म:म खाने सहमति' लेखिएको एउटा पर्चा ।

तर प्लेटको म:म त पहिले नै अर्को साना साना टुक्रा पनि गरिसकेका थिए । सहमतीमा आउन तयार ८ जना मध्यका २-३ वटा हाँगाहरू प्लेटबाट टुक्रा भएर झर्ने तयारी गर्दै थिए । त्यो दृश्य हेर्दा म:मलाई पनि लाज लाग्यो, 'म त टुक्रा भएँ, अझै कति टुक्रा हुनुपर्ने हो ? कुनै टुक्रा त पुरानोसँग गएर जोडिएला, कुनैले मलाई कुहाएर फालेर अर्को नयाँ म:म बनाउँछ होला ।'

अब समाचारमा चल्दैछ, '८ जना मिलेर म:म लाई नयाँ दिशा दिने ।' तर जनता भन्छन्, 'म:म त पुरानै दाउमा पोलिएको छ ।'

सत्य के छ भने, 'नेपालको राजनीति अहिले म:म पसल बनेको छ ।'

जहाँ निर्णयहरु भापमा उम्लिन्छन्, सहमति प्लेटमा राखिन्छ र जनता तातो सास सुँघेर फर्किन्छन् ।

सिङ्गापुरको कुर्सी अझै गुड्दैछ, गुण्डुको भान्सामा अझै धूँवा छ । र, काठमाडौँको गल्लीमा अर्को टेबल तयारीमा फेरि १० वटा म:म, ८ वटा सम्झौता, २ वटा उछिट्टिन तयार ।

म:मको आत्माले अन्तिम पटक सुस्केरा हाल्छ, 'जनताले मलाई खानु पर्छ, नेताहरूले होइन ।'

# भएन वर्गीकरण, रोकियो कित्ताकाट







रघुवंश कँडेल भीम परियार

**बागीभूगोल संवाददाता राक्सिराङ ।**

पश्चिम मकवानपुरको राक्सिराङ, कैलाश, मनहरीसहित मकवानपुरका स्थानीय पालिकाहरूले नक्सासहितको वर्गीकरणको काम नसक्दा घरजग्गा किनबेच र कारोबारमा भारी मन्दी आएको छ । नक्सासहितको वर्गीकरणको काम स्थानीय तहहरूले असार मसान्तसम्ममै सकाउनु पर्ने भए पनि पछिल्लो पटक म्याद थपिंदा पनि नसकेका हुन् । यसले सर्वसाधारणको जग्गा किनबेच रोकिँदा स्थानीय तह र प्रदेश सरकारको पनि करोडौँ रूपैयाँ राजस्वमा कमी आएको छ ।

जग्गा कारोबार गर्दा उठेको राजस्वमा स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशत आम्दानी हुने गर्दछ । तर असार मसान्तमा नक्सा-सहितको वर्गीकरण नसकिँदा स्थानीय तहमा सर्वसाधारणले जग्गा किनबेच र कारोबारमा समस्या भएको हो । बैंकको धितो या कुनै कित्ता किनबेचबाहेक ठूलो जग्गा बेचेर विदेश जाने, वैदेशिक रोजगारीका लागि अध्ययनका ऋण लिने या प्लटिङ गरेर व्यवसाय गर्ने काम ठप्प भएको छ । योसँग राज्यले पाउने राजस्व पनि रोकिएको छ ।

'अंश भपाई, अदालतको फैसला अनि धितोका अलि अलि काम भएका छन्, पुराना जग्गाको ससाना काम छन्,' मालपोत अधिकृत भीम परियारले भने, 'स्थानीय तहबाट नक्सासहितको वर्गीकरणको काम रोकिँदा जग्गा किनबेचमा मन्दी आएको हो ।'

**के हो नक्सासहितको वर्गीकरण ?**

अब तपाईंको जग्गा डिजिटल प्रणालीमा हेर्दा के हो, त्यही देखिन्छ । राजमार्ग, शाखा सडक या कृषि क्षेत्रको जग्गा भन्ने पहिचान हुन्छ । जग्गाको नक्सामा क्लिक गर्दा जग्गा जे हो, त्यही देखिन्छ । यसले कसैको पनि जग्गामा कसैले बदमासी गर्न सक्दैन । स्थानीय तहहरूले नक्सासहितको वर्गीकरणको काम गरिरहेका छन् ।

असार मसान्तसम्ममा यो काम सकिनु पर्ने हो । तर अहिलेसम्म मकवानपुरका हेटौँडा र मनहरीले मात्र काम सकाउने तयारी गरेका छन् । अन्य ८ पालिकाको अवस्था उस्तै छ । थपिएको म्यादमा पनि काम भएको छैन । म्याद सकिएको चार महिनासम्म पनि स्थानीय तहले जनताको यस्तो महत्वपूर्ण काममा चासो दिएका छैनन् ।

'नक्सासहितको वर्गीकरणको कामले जग्गा व्यवस्थित हुन्छ, कारोबार पनि व्यवस्थित हुन्छ, यो कामले स्थानीय तहसँग आफ्ना जनतासँग भएको जग्गाको विवरण पनि पारदर्शी हुन्छ, कस्तो जग्गा कुन प्रयोजनका लागि चाहिन्छ र कुन पालिकासँग उपलब्ध हुन्छ भन्ने जानकारी पनि हुन्छ,' प्रमुख मालपोत अधिकृत रघुवंश कँडेल भन्छन्, 'स्थानीय तहहरूले गर्नु पर्ने काममा केही विलम्ब भएकाले जग्गाको कारोबारमा कमी आएको हो र चार महिनाको कारोबार हेर्दा लक्ष्यअनुसार राजस्व संकलनमा पनि भारी गिरावट आउने देखिन्छ ।

**४० करोडसम्म लिन्थे रकम**

२०७८ तिर मकवानपुरमा घरजग्गा कारोबार यस्तो बढेको थियो कि हेटौँडा उपमहानगर पालिकाले मात्रै मालपोतमा हुने कारोबारको ६० प्रतिशत राजस्व लैजाँदा ४० करोड रूपैयाँ भन्दा बढी रकम लगेको थियो ।

तर अहिले नक्सासहितको वर्गीकरणका कारण कारोबार रोकिएपछि राजस्वमा भारी गिरावट आएको छ । मकवानपुरमा हेटौँडापछि मनहरी र मकवानपुर गढीमा बढी जग्गाको कारोबार हुने गरेको छ ।

# अझै जनतामा.....

*काठमाडौँमा ठूलो जुलुस र प्रदर्शन गरेर चर्चा पाए । त्यसैगरी राप्रपा, माओवादी र अन्य दलहरू पनि सत्ताका लागि जनतालाई प्रदर्शनको भीडमा प्रयोग गरिरहेका छन् ।*

*अहिले फेरि '२७ गते कुन पार्टीले देखाउने ?' भन्ने चर्चाले सामाजिक सञ्जाल तातिएको छ । तर जनताले प्रश्न गर्न थालेका छन्, 'हामीले त कर तिर्ने, पीडा सहने, अनि नेताले भाषण गर्ने मात्र हो र ?'*

*वर्षौंदेखि पार्टी र नेताको परिवर्तन भए पनि नेपाली जनजीवनमा सुधार आएको छैन । व्यापार-व्यवसाय मन्दीमा छ, रोजगारी घटेको छ, सरकारी नीतिनियम झन् । कडाइतर्फ उन्मुख छन् । साना व्यापारीदेखि किसानसम्म सबैले सघन समस्या झेलिरहेका छन्, तर सुन्ने कोही छैन ।*

*भूकम्प, कोरोना र विभिन्न प्राकृतिक विपत्तिले थिलथिलो बनाएको देशमा अझै स्थायित्व आउन सकेको छैन । देशमा आन्दोलन र विरोधक्रममा निहत्था युवाले रगत बगाएका छन्, घाइते भएका छन्, तर नेताहरूको कुर्सीको खेल त्यही पुरानै ढाँचामा चलिरहेको छ । करोडौं, खबौँको क्षति हुने राजनीतिक र सामाजिक आन्दोलनहरू भइरहँदा पनि कसैमा चेत छैन ।*

*देश र जनताको भविष्यप्रति गम्भीर भएर सोच्ने नेतृत्व अझै उदाएको छैन । सामाजिक सञ्जालमा हल्ला मच्चाउने,*




*आरोप-प्रत्यारोप गर्ने र 'ट्रेन्ड' चलाउने कामले राजनीतिक वातावरण त तातिन्छ, तर जनताको जीवनमा कुनै सुधार ल्याउन सकेको छैन । आजको प्रश्न स्पष्ट छ, 'कहिले आउने त्यो नेतृत्व, जसले जनताको पीडा महसुस गर्नेछ, कहिले बन्ने त्यो नीति, जसले हरेक नेपालीको जीवनमा आशा जगाउनेछ ।'*

*जनताले अब हल्ला होइन, परिणाम खोजिरहेका छन् । देशको दिशा जनताले होइन, नेताहरूले हराइरहेका छन् । र, यदि यही क्रम जारी रह्यो भने, देश फेरि एकपटक जनताको आक्रोशको आँधीमा प्रवेश गर्नेछ, जहाँ भाषणले होइन, पीडाले परिवर्तन ल्याउनेछ ।*

## साताको साहित्य

**(भारत, गान्तोक, सिक्किमकी स्रस्टा हुन् जीविका अश्रु, मकवानपुरको राक्सिराङ आउँदा उनले प्रस्तुत गरेको कविता)**

# एउटा चेपाङ युवा



**जीविका अश्रु**

सुनसान रातको अन्धकारमा
मौन बन्छु–भित्ताजस्तै, निर्जिव झैँ
न गल्लीका हाँसोहरु साँच्चो लाग्छन्
न मान्छेका अनुहारहरु खुला किताबझैं
दिनहरु आँधीजस्तै छिरे–
न आँखाले आँधी टार्न सके,
न निद्राले ढोका खोले।
हिजोको भोक आज पनि जीउँदो छ,
र, मौनताको क्रन्दन,
पेटको भोक तीव्र छ।
छर-छिमेकबाट भोजनअको बास्ना आउछ-
तर मेरो चुल्हो निभेको छ
धुवाँको सम्म नामो-निशाना छैन ।
कसैका शब्दहरु बाँचिदिन्छन् रेडियोमा,
तर मेरो स्वर कहिल्यै बजारसम्म पुग्दैन।
समाज पर्खिरहेको छ, मेरो भासिएको आवाज सुन्न
अझ मेरो अस्तित्वको नामोनिशान भेट्न ।
उनीहरूको हाँसो र अनुहार भित्रको आडम्बरले
मेरो मौनता बुझ्न चाहदैन ।
तर एक दिन, छायाँभित्र हराएको उज्यालोले
मलाई बाँच्न सिकाउनेछ, हिजोका डरहरु कतै गुम्सिएका हुनेछन् ।
र मेरो ध्वनीको शृङ्गारमा नयाँ संसार रचिनेछ ।
त्यसबेला यही समाज मेरो पक्षमा उभिएको हुनेछ ।
स्फटिक भएर ।
समाज, मेरो बुलन्द आवाज पछ्याइरहेको हुनेछ ।
मेरा आवाजका ध्वनिले प्रकाश छर्नेछ ।
उज्यालो हुनेछ,
र, म, सपना र शब्दका सन्देशहरु बनाउनेछु ।
जसले कोही नभएका बेला, सपना गुमेका रातहरुमा,
उज्यालोको बाटो देखाउँनेछ ।
एउटा पीडित युवा
हरेक साँझ ओछ्यान पसेपछि
यस्तै यस्तै सोच्छ र ,
कोल्टो फेरिरहन्छ ।
भोलिको , उज्यालोको प्रतीक्षामा ।

# मनहरी-५...........

तरकारी खेतमै कुहिन्छ, गर्भवती अस्पताल नपुगी प्रसूति पीडामा छट्पटिन्छिन्, पारि बिरामी, वारी एम्बुलेन्स । राप्ती नदी निलाम्मे, हेर्दा सुन्दर छ तर निर्दयी पनि त्यत्तिकै ।

**अस्थायी पुल, ज्यान राप्ने बाटो**

हिउँदको मौसममा आठ महिनासम्म ह्युमपाइपको पुलमा दुई पांग्रे, चारपांग्रेसँगै वडाबासीको दैनिकी पनि चल्छ । यही बाटोबाट मोटर-साइकलदेखि ठूला बससम्म गुड्छन् । कहिलेकहीँ त दुईवटा अटो ठोक्किएला जस्तै गरी हुइँकाउछन् अटोचालकहरु र झल्को दिनछन्



बाइरोडका बाटोमा हुइँकिएका बस र ट्रक झैँ । ह्युमपाइप हल्लिन्छ, अनि नदीमाथि उभिएका सबैको मुटु काँप्छ र गाउँले भन्छन्, 'ज्यानभन्दा काम ठूलो हो, पुल नहुँदा त जीवन नै ठप्प भएजस्तो हुन्छ नि ।'

**वर्षेनी जस्तै यो वर्ष पनि मनहरी-५ का वडा अध्यक्ष दीपेन्द्र अधिकारी**को पहलमा र स्थानीय युवा व्यवसायी गोविन्द सापकोटाको अगुवाइमा अस्थायी ह्युमपाइपको कच्ची पुल बनेको छ । युवाहरूले मिलेर खोलामा ह्युमपाइप राखे, बुढाबुढीले ढुंगा टिपेर पुलको छेउमा

राखेर पुल बनाए । पुल बन्दै गर्दा सबैको अनुहारमा पसिनासँगै खुशी र आशा झल्कियो, सहजताको सम्भावना छचल्कियो । 'यसपालि त पक्की पुल बन्छ होला, अर्को वर्ष त ह्युमपाइप हाल्न पर्दैन कि वडा

अध्यक्षज्यू ?,' स्थानीय युवा कबिन मगर अध्यक्षतिर फर्किएर प्रश्न

गर्छन् । तर यस्तो प्रश्न वडाध्यक्ष दीपेन्द्रले भन्दा गाउँ आउने ठूला नेताहरुले धेरैपटक 'बन्छ' भनेको सुनेर वडाका धेरै पुस्ताका कान चिप्ला भइसके । वडामा बजेट कम हुन्छ, वडाध्यक्षको चाहना हो, सम्भावनाका लागि प्रदेश र संघ सरकारकै तजबिजी नदीमा पुल ।

**राप्ती किनारको जीवनः हात्ती, बाघ र गैँडाको छायाँभित्र**

मनहरी-५ को अर्को यथार्थ डर हो वन्यजन्तु । यो वडा पर्सा र चितवन दुई राष्ट्रिय निकुञ्जबीच अड्किएकाले गैँडा, हात्ती, बाघ, मृग, बँदेल र चितुवाको आवतजावत सामान्य हो । प्रत्येक वर्ष खेतबारी जोत्न जाने किसानलाई हात्तीले लखेट्ने, बाघले घरमै आएर बाख्रा तान्ने, मान्छे मार्ने, हात्ती, गैँडाले बाली नष्ट गर्ने खबर प्रायः प्रत्यक्ष भोग्न, देख्न र सुन्न पाइन्छ । राति बस र ट्रकका जस्ता ठूला बत्तीहरु गाउँमा बलेको देखिन्छ, बालिन्छ किनभने ठूला टर्च बोकेर हात्ती, गैँडा धपाउन रातभर जाग्राम बस्नु वडाबासीको अर्को पीडा हो ।

दमारका सरोज स्याङ्तान भन्छन्, 'कहिलेकहीँ रातभर बाघको गर्जन र नदीको सुसाइ मिसिन्छ, सुतेकै बेला हात्तीले घर भत्काउछ कि भन्ने डर हुन्छ, सुतेको जस्तो गरेर ओच्छ्यानमा पल्टन मिल्छ, मस्त निदाउन सकिँदैन ।'

राप्तीको बाढी र जङ्गली जनावरको आतंकबीच पनि यहाँका जनता खुट्टाको टिका लगाएर राति खेततिर जान्छन्, जंगली जनावरले बाली नष्ट गरे-नगरेको हेर्न र हात्ती गैँडा धपाउन ।

**कृषि र उत्पादनको मुटुः पुल अभावले थलिएको अर्थतन्त्र**

मनहरी-५ डिल्लीपुर-बसन्तपुर एउटा गाउँमात्र होइन, पश्चिम मकवानपुरकै सबैभन्दा ठूलो अन्नभण्डार हो । विशेष गरी धान, मकै, गहुँ, तरकारी, दूध उत्पादनका हिसाबले यो वडा अग्रणी स्थानमा छ । करिब ७ हजार ८ सय जनसंख्यामध्ये अधिकांश कृषिमा निर्भर छन् ।

र, आत्मर्भिरता खोज्दैछन् । दैनिक हजारौँ लिटर दूध र सैँयौँ क्विन्टल

तरकारी हेटौँडा र नारायणगढलगायत ठाउँमा निर्यात हुन्छ । तर जब बर्खा लाग्छ, बर्खासँगै पुल बगाउँछ, उत्पादन रोक्नुपर्ने बाध्यता हुन्छ ।

वडामै भैँसी पालेर दैनिक ४ सय लिटर दूध उत्पादन गरिरहेका युवा व्यवसायी अभिषेक अधिकारी भन्छन्, 'हामी किसान हौँ, हाम्रो उत्पादन बजार पुग्न नसकेपछि हाम्रो पसिना नदीमा बिलाउँछ, राप्ती नदीमा दूध फालेर दूधकोशी बनाउनु पर्ने हुन्छ, तरकारी पनि बारीमै कुहिन्छ फेरि आशा मारेर हुँदैन, भित्तामा टाउको ठोक्काएर हुँदैन, सास छइन्जेल आस भने झैँ पुल बनेपछि सबै सहज हुन्छ भन्ने आसामा बाँचेका छौँ र एकदिन पुल बन्छ भन्नेमा ढुक्क छौँ ।'

**अधूरो पक्की पुल, अपूर्ण सपना, अधूरो प्रतीक्षा**

२०८१ सालमा शुरू गरिएको पक्की पुल निर्माण अहिलेसम्म आधा पनि काम हुनसकेको छैन । योजना अनुसार २०८३ वैशाखसम्म पूरा हुने भनिएको छ । तर अहिले पनि कामको गति सुस्त छ । निर्माण कम्पनीको ढिलासुस्ती, बजेट प्रभाव हो कि अन्य प्राविधिक समस्या, यी सबैले जनताको धैर्यको सीमा परीक्षण गरिरहेका छन् ।

वडा अध्यक्ष दीपेन्द्र अधिकारी भन्छन्, 'पुल छिटो सम्पन्न गर्न दिनरात लागिपरेका छौँ, पुल वडाबासीको सबैभन्दा ठूलो सपना हो, मेरो कार्यकाल नसकिँदै पुल सम्पन्न गर्न एकदम लागिपरेको छु, पुल निर्माण गर्न स्थानीय तह, प्रदेशदेखि केन्द्रसम्मको ढोका कैयौँपटक ढक्ढक्याएपछि बल्ल निर्माण कार्य शुरू भएको हो ।'

पुस्तौँपुस्ताको सपनालाई यसपटक धेरै दुःख गरेर भए पनि पूरा गर्ने अवसर बनाउँदै छन् स्थानीय । वडाबासीको सपना पूरा गर्न ज्यानको बाजी लगाएर भए पनि छिट्टै सम्पन्न गर्न तत्पर रहेको अधिकारीले बताए । 'काम रोकिएको छैन, तर गति अलि ढिलो भएको छ, २०८४ सालभित्र पुल सम्पन्न हुन्छ भन्ने आशा राखेका छौँ,' उनले ढाडस दिए । तर जनता भने यो कुरा धेरै वर्षदेखि सुन्दै आएका छन् । अहिले पनि त्यही आशा बाँकी छ । पक्की पुल नबनेसम्म जिन्दगी नदीकै धारमा तैरिरहेको छ ।

**भविष्यको आशा, राप्तीमाथि नयाँ सपना**

पुल केबल फलाम र कंक्रिटको संरचना होइन, यो मनहरी-५ का जनताको पुस्तौँदेखिको सपनाको रूप हो । पुल बनेपछि बिरामी एम्बुलेन्समै अस्पताल पुग्नेछन्, किसानका उत्पादन गाडी चढेर बजार पुग्नेछन्,

सवारी साधन सहजरुपमा आवतजावत गर्नेछन् । वडाको विकास हुनेछ, अनि गाउँका युवाले गाउँमै लगानी गर्न डराउनुपर्ने अवस्था आउँदैन । सामान्य व्यवसाय गर्न पुल पारीको रजैया, मनहरी र हेटौँडा पुग्नु पर्दैन । व्यवसायदेखि फार्म, उद्योग खोल्ने सपना वडामै देख्नेछन् स्थानीय, वडामै युवाले रोजगारी पाउनेछन् । पुल बनेपछि राप्तीले यहाँका जनतालाई बगाउने होइन, बचाउँनेछ । तर बिडम्बना राप्तीको धारमाथि ह्युमपाइप लगाउनु पर्ने अवस्था छ, मानौँ जीवनका असंख्य टुक्रा जोडिँदै छन् ।

ह्युमपाइपका फाटाहरू सिमेन्टले बुनेझैँ गाउँलेका सपना आशाले टालिएका छन् ।

हरेक हिउँदमा मोटरबाइक, त्यहाँका उत्पादन दूध, अन्न र तरकारी बोक्ने गाडी, एम्बुलेन्सलगायत ठूला बस गुड्छन्, गाउँलेको मुटु पनि कम्पिन्छ तर उनीहरू रोकिँदैनन् । किनभने उनीहरू जान्दछन्, यो कच्ची पुल बन्नासाथ बाटोमात्र खुल्दैन, जीवन खुल्छ । जब त्यो पक्की पुल बनेर राप्तीमाथि फैलिनेछ, त्यो दिन मनहरी-५ को मुटु पनि स्थिर हुनेछ,

राप्तीको धार विलय हुनेछ र राप्तीको गर्जन शान्त हुनेछ, वडाबासीको सपना पूर्ण हुनेछ ।

# उद्यम कर्जाका लागि परियोजना प्रस्ताव आह्वान

**बागीभूगोल संवाददाता**
**हेटौँडा ।**

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले नवप्रवर्धन (स्टार्टअप) उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेस गर्न आह्वान गरेको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप उद्यममा सहुलियतपूर्ण कर्जा दिने कार्यविधि हालै स्वीकृत गरेसँग कर्जा लिनका लागि परियोजना प्रस्ताव आह्वान गरिएको हो । स्टार्टअप उद्यमका मापदण्डहरु पूरा गरेका तोकिएको क्षेत्रका नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएका स्टार्टअप उद्यमीले यस्तो कर्जा लिन सक्ने सूचनामा उल्लेख गरिएको छ । यस्तो कर्जा लिन चाहनेले सूचना प्रकाशित भएको २१ दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेस गर्नुपर्ने प्रतिष्ठानले आह्वान गरेको छ ।

मन्त्रालयले स्टार्टअप कर्जाका लागि २५ करोड रूपियाँ विनियोजन गरेको छ । ३ प्रतिशत ब्याजदरमा २५ लाखसम्म स्टार्टअप कर्जा उपलब्ध गराइने व्यवस्था छ । स्टार्टअप उद्यम कर्जा कार्यविधि अनुसार स्टार्टअप उद्यमका रूपमा १६ क्षेत्र तोकिएका छन् । तोकिएका मापदण्ड पुगेकाले स्टाटअप उद्यम कर्जा २५ लाख रूपैयाँसम्म स्टार्टअप कर्जा दिने छ । रकम तीन किस्तामा पाइने छ ।

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

**बालकृष्ण अधिकारी**
**अध्यक्ष, एवम्**
**नेपाल पत्रकार महासंघ, मकवानपुर**

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

**प्रमोद सिंह रानाभाट**
**अध्यक्ष एवम्**
**मकवानपुर उद्योग वाणिज्य संघ परिवार**

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

**प्रो. शितल विक**
**होटल हरियाली**
**मनहरी-६, सुनाचुरी, मकवानपुर**

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

**रोयल पार्टी प्यालेस**
**हेटौंडा-४, मकवानपुर**

# फेरि कुटिए डाक्टर

**बागीभूगोल संवाददाता**
**हेटौँडा ।**

हेटौँडास्थित चुरे हिल अस्पतालमा कार्यरत डाक्टरमाथि बिरामीका आफन्तले हातपात गरेका छन् । बिरामीको उपचार प्रक्रिया र भर्नाका विषयमा विवाद हुँदा अर्थोपेडिक सर्जन डा. सुशील शाहमाथि हातपात भएको हो ।

बुधबार साँझ ७ बजे हेटौँडा-११ का अजित विडारीले डा. शाहलाई हातपात गरेका हुन् । दुर्घटनापछि उपचारका लागि ल्याएका बिरामी रिफर गर्ने विषयमा विवाद भएको बताइएको छ । विडारीले डा. शाहलाई धकेल्नुको साथै मुक्का प्रहार गरेको अस्पतालका डारेक्टर डा. आकेश प्रजापतिले जानकारी दिए ।

उनका अनुसार घटनापछि बिरामीका आफन्त र अस्पतालका कर्मचारीहरूले विडारीलाई रोकेका थिए । ड्युटीमा रहेका प्रहरी हवल्दार रवि लोप्चनले कानूनी प्रक्रियाका लागि डा. शाहलाई सोध्दा उनले केही नगर्न भनेका थिए । विडारी भने अस्पतालबाट निस्केका थिए ।

लडेर कुहिनोमा सामान्य चोट लागेकी सुरक्षा कँडेललाई उपचारका लागि अस्पतालमा ल्याइएको थियो । उनलाई राजु विडारीले अस्पताल ल्याएका थिए । अस्पतालको इमर्जेन्सीमा ड्युटीमा रहेका डा. सचिन दासले अर्थोपेडिक सर्जनले हेर्नुपर्ने भन्दै डा. शाहलाई बोलाएका थिए ।

डा. शाहले बिरामीको घाउ सफा गरेर टाँका लगाउनुअघि एक दिन अब्जरभेसनका लागि अस्पताल भर्ना हुनुपर्ने सल्लाह दिएको विषयमा आफन्तहरूले विवाद गरेको लोप्चनले बताए ।

डा. शाहलाई खासै चोटपटक नलागेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनाबारे कुनै उजुरी नआएको प्रहरीको भनाइ छ । विडारीको खोजी भइरहेको छ ।

चिकित्सक संघ मकवानपुरले घटनाका सम्बन्धमा छलफल अघि बढाएको छ । सचिव डा. राजु सेंढाइका अनुसार बिहीबार बिहान अस्पताल प्रशासन र पीडित डा. शाहसँग भएको छलफलले प्रहरीमा लिखित उजुरी दिने निर्णय भएको उनले बताए ।

# कैलाश, राक्सिराङ....

२०६० सालमै चालक बनैं । त्यसपछि कर्जा लिएर ट्र्याक्सी किनेर काठमाडौंमा चलाउन शुरू गरैं तर संकटकाल, बन्द र आन्दोलनले आम्दानी घट्यो । घर खर्च र कर्जा तिर्न गाह्रो भएपछि भाइलाई टयाक्सी जिम्मा दिएर २०६४ मा पहिलोपटक कतार गएँ । पछि साउदी गएँ । त्यसपछि नेपाल फर्किएर बस चलाउन थालैं । बस चलाउँदा जता पनि यात्रा गर्नु पर्ने थियो । कहिले काँकडभिट्टा, कहिले जनकपुर, कहिले पश्चिम र नेपाल-दिल्लीको बस पनि चलाएँ । दुर्घटनामा परैं, खुट्टा भाँच्चियो, केही समय उपचारपछि नेपालको रोड सुधार नभएसम्म गाडी चलाउदिनँ भन्ने सोचले कतार गएँ, उता गएर आफ्नै गाडी किस्तामा किनेर ५ वर्ष चलाएँ र १५ हजार रियालमा गाडी बेचेर २०७७ सालमा नेपाल फर्किएँ, त्यसपछि विदेश गएको छैन ।

**दुर्घटना भएको दिन सम्झनुहुन्छ ? त्यो घटनाले मानसिक रूपमा कस्तो असर गर्‍यो ?**

हो, त्यो दिन म कहिल्यै बिर्सन सक्दिनँ । २०६९ साल, बिहान पाँच बजेको समय थियो । १३ जना यात्रु बोकेर काकडभिट्टा जाँदै गर्दा सप्तरीमा ट्रकले अर्को दिशाबाट आएर मैले चलाएको बसलाई ठक्कर दियो । मेरो खुट्टा भाँचियो, ट्रकको चालकले अत्यधिक मादक पदार्थ सेवन गरेको रहेछ, पछि अनुसन्धानबाट थाहा भयो । एक वर्ष उपचारमा बित्यो । खुट्टा भाँचियो तर हिम्मत भाँचिएन । परिवार चिन्तित थिए, तर उनीहरूकै माया मेरो औषधी बन्यो । त्यस्तो अवस्थामा परिवारको साथ नै सबैभन्दा ठूलो हिम्मत र औषधी हुनेरहेछ ।

**खुट्टा भाँचिएपछि जीवनप्रति दृष्टिकोण कस्तो रह्यो ? हार मान्ने सोच आयो ?**

कहिल्यै हार मान्ने सोच आएन । म स्टिल हालेको खुट्टा लिएरै विदेश गएको मान्छे हुँ । त्यसबेला परिवारको साथ र माया नै मेरो सबैभन्दा ठूलो बल थियो । 'जीवन रोकिन्छ, तर हिम्मत रोकिनु हुँदैनु भन्ने मैले त्यतिबेलै बुझैं । त्यसपछि आफैंलाई भनैं, 'शरीर घाइते हुन सक्छ, तर मन कहिल्यै पराजित हुन हुँदैन ।'

**चालक बनेर नेपालका कुन-कुन ठाउँमा पुग्नुभयो ? जोखिमपूर्ण क्षण पनि थिए होला ?**

नेपालका नपुगेका ठाउँ कमै होलान, लगभग देशको सबै ठाउँ पुगेको छु । सुदूरपश्चिम, जनकपुर, काकरभिट्टा, भारतको दिल्लीसम्म गाडी चलाएँ । त्यो बेला सडक साँघुरो, दुर्घटनाको डर, संकटकाल भएकाले कहिलेकहीँ गोली-बारुद र लुटपाटको जोखिम । तर यात्रुको भरोसाले डर हराउँथ्यो । बाटोमा भेटिएका अलपत्र मानिसलाई गन्तव्यसम्म पुर्‍याउँथैं । चालकलाई 'गुरुजी भनिन्थ्यो, त्यो बेला चालक भनेपछि छुट्टै इज्जत थियो । त्योबेलाको सम्मान आज पनि सम्झँदा मन खुशी हुन्छ ।

**कतार जानुपर्ने कारण के थियो ? परदेशको अनुभव कस्तो रह्यो ?**

२०६२ सालमा बिहे भयो, जिम्मेवारी बढ्यो । नेपालको कमाइले पुगेन, परिवार पाल्न परदेश जानैपर्ने भयो । कतारको पहिलो वर्ष त निकै कठिन थियो, गर्मी असह्य, पसिना बग्दा शरीर जल्थ्यो । तर दोस्रो पटक गएँ, बानी पर्‍यो । एसी भएको गाडी पाइयो, साथीहरू राम्रा थिए । परदेशमा मैले बुझैं, इमानदार र व्यवहार राम्रो भए संसार नै तपाईंको घर बन्छ ।

**पछिल्लो समय नेपाल फर्किएपछि फेरि विदेश जान मन लागेन ? किन नजानुभएको ?**

लामो समय परदेशमा पसिना बगाएँ, सोचें अब पसिना आफ्नै माटोमा बगाउँछु । विदेशमा कमाएको पैसा र गाडी बेचेर बचेको पैसाले परिवारसँग बसेर नेपालमै व्यवसाय गर्छु र गाउँमै केही गर्छु भन्ने सोचले विदेश नगएको हुँ । नेपाल फर्किएर मनहरीमा डिजिटल युगलाई महत्व दिँदै 'टिकटक फ्रेस हाउस' शुरू गरैं । शुरूमा भाडा तिर्न पनि गाह्रो भयो तर साथी र ग्राहकको माया बढ्दै गयो । गाउँको लोकल कुखुरा, खसी, दशैंमा हिमाली भेगको च्याङ्ग्राको मासु स्थानीयलाई खुवाउँछु, पसलको आकर्षण गाउँमा उत्पादित तरकारी, सिजनल फलफूल, जंगली च्याउ र मुख्यरुपमा राप्तीको लोकल माछा देशका विभिन्न स्थानमा निर्यात गर्छु, सबैले मन पराइदिनुभएको छ ।

**फ्रेस हाउस खोल्ने प्रेरणा कसरी आयो ?**

समाजसँग नजिक रहँदै केही उत्पादनशील गर्नुपर्छ भन्ने चाहना थियो । गाउँका किसानसँग जोडिएर किसानको उत्पदानलाई उचित मूल्यमा बजारसम्म पुर्‍याउनुपर्छ भन्ने सोच आयो । अहिले गाउँको कुखुरा, खसी, फलफूल, तरकारी किसानबाट उचित मूल्यमा किनेर पसलमार्फत बिक्री गर्छु । शुरूमा निकै गाह्रो थियो, तर अहिले सबै आफन्त, साथीहरुको साथ छ । दशैंमा हिमालबाट च्याङ्ग्रा ल्याएर गाउँलाई 'हिमाली स्वाद' चखाउँछु । शहरलाई राप्तीको लोकल माछा र गाउँको अर्गानिक उत्पादन खुवाउँछु ।

**अहिले तपाईंलाई सफल युवा व्यवसायी भनेर चिनिन्छ, सफल व्यवसायी भएर पुराना संघर्षको दिनलाई सम्झँदा कस्तो महसुस गर्नुहुन्छ ?**

संघर्षले एउटा कुरा सिकायो, 'कर्म गर, फलको आस नगर ।' जीवनमा दुःख र असफलता शिक्षक हुन् । आज जे छु, ती दिनहरूकै कारण छु । त्यो बेलाको संघर्ष नै मेरो सफलता हो । त्यसैले ती दिनहरु सम्झँदा खुशी लाग्छ । गरिबी र संघर्षले यहाँसम्म ल्यायो । अबको लक्ष्य पश्चिम मकवानपुरका मनहरी, राक्सिराङ र कैलाशका उत्पादनलाई विश्व बजारमा पुर्‍याउने र गाउँलाई विश्व माझ चिनाउने हो । यहाँ उत्पादन भएका तरकारी, गाउँको कन्दमूल, मकै, कोदो, राक्सिराङ, कैलाशको चिउरी, चिउरीको घ्यू लगायतका उत्पादनलाई विश्व बजारमा पुर्‍याएर गाउँलाई विश्वसामु चिनाउने सोच छ । विभिन्न देशमा रहेका साथीहरुसँग छलफल भइरहेको छ । यहाँका साथीहरु, बाहिरका साथीहरु र स्थानीय तहहरुसँग पनि छलफल गरेर सबैको साथ र सहयोग पाइयो भने यो कार्य निकट भविष्यमै शुरू गर्ने प्रयासमा छु ।

**अन्त्यमा अहिलेका युवाका लागि तपाईंको सन्देश के छ ?**

अहिलेका युवा गलत बाटोमा बढी हिँडिरहेको अनुभूति हुन्छ । लागुऔषध प्रयोग नगर्नुहोस्, केही गर्नुपर्छ भन्ने सोच लिएर अगाडि बढ्नुहोस् । सिप र आँट हुनेहरुले नेपालमै राम्रो आम्दानी गरिरहेका छन् । सिप सिकेर देशमै केही गर्नुपर्छ, परदेश जानुअघि गाउँ हेर्नुहोस् । सम्भावना यहीँ छ । इमान, परिश्रम र धैर्य छ भने सफलता टाढा छैन । जीवनमा कहिल्यै हार नमान्नुस् किनभने सिप सिक्नुहोस्, हिम्मत गर्नुहोस्, कहिल्यै परदेश जानु पर्दैन । युवा देशका मेरुदण्ड हुन्, युवाले चाहे आमूल परिवर्तन हुन्छ । परिवार, समाज र देश छातीमा राखेर केही गर्ने वातावरण बनाएर सदैव अगाडि बढ्न युवापुस्तालाई अनुरोध गर्दछु । 'कर्म गर, फलको आस नगर, मेहनत गर्नेको हात कहिल्यै खाली हुँदैन ।'

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

**बसन्त कुमार सिटौला**
**अध्यक्ष**
**नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, मकवानपुर**

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

Sancho Hospital Pvt. Ltd.
**सञ्चो हस्पिटल परिवार**
**हेटौंडा, मकवानपुर**

हार्दिक शुभकामना

मकवानपुरे छापा पत्रकारिता आयाममा जनमुखी र निष्पक्ष पत्रकारिता अभ्यासमा पश्चिम मकवानपुरलाई केन्द्रित गरेर प्रकाशन आरम्भ भएको 'बागीभूगोल' साप्ताहिकलाई सफलताको कामनासहित प्रगतिको शुभकामना ।

CMC CHURE HILL
**सिएमसी चुरेहिल हस्पिटल परिवार, हेटौंडा-११, मकवानपुर**

# कैलाश, राक्सिराङ र मनहरीको उत्पादन विश्वबजारमा पुऱ्याउने सपना छ

-ईश्वर थापा 'थापा काजी' मनहरी-८, मकवानपुर

कसैका लागि जीवन सहज हुन्छ त कसैका लागि जीवन नै विद्यालय । ईश्वर थापा 'थापा काजी'को जीवन त्यही विद्यालय हो जहाँ उनले दुःख पढे, हिम्मत सिके, र कर्मको परीक्षा उत्तीर्ण गरे ।

मकवानपुरको मनहरीमा जन्मिएका ईश्वरको बाल्यकाल गाउँको धूलो र पसिनासँग मिसिएको थियो । बिहान कहिले मेलापात, कहिले जंगल त्यसपछि घर फर्किएर आमाले बिहानै पकाउनु भएको चिसो ढिंडोको गाँस, त्यसपछि दिनभर स्कुल र बेलुकी सिजनमा राप्ती खोलामा माछा मार्ने, अन्य बेला पुष्टकारी बनाएर बेच्ने थियो उनको दैनिकी । विद्यालय खर्च जुटाउन जंगलतिर कन्दमूल खोज्थे, पुष्टकारी बनाएर बेच्थे, माछा मार्थे । उनले मारेको माछा कहिलेकहीँ बागमती प्रदेशका पूर्वमुख्यमन्त्री, डोरमणि पौडेल त्यतीबेला २०५४ सालमा हेटौंडाको मेयर हुनुहुन्थ्यो उहाँसम्म पुग्थ्यो भन्दै अहिले पनि उनी मुस्कुराउँछन् ।

आर्थिक अभावले पढाइ बीचमै टुट्यो । गाउँकै बिनाकालिका प्राविदेखि सिम्पानीको महेन्द्र किरण माविमा कक्षा ६ सम्म पढेपछि उनले पढाइ होइन, काम रोजे, ट्र्याक्टरमा गिट्टी, बालुवा र ढुङ्गा बोक्ने काम शुरु भयो । त्यसपछि कागेश्वरी मनोहरा, काठमाडौँको बालुवामा पसिना बगाउँदै उनले जिन्दगीको नयाँ अध्याय लेखे । एउटा बोरामा बालुवा भर्दा ७ रूपैयाँसम्म कमाउँथे । उनको बालुवाको बोरा भर्ने र बोक्ने हातले कहिल्यै हार मानेन । त्यही हातले पछि गाडीको स्टेयरिङ समात्यो, सडकलाई साथी बनायो । देशमा संकटकाल, बन्द र आन्दोलनबीच उनले चालक बनेर यात्रुको भरोसा ओसारपसार गर्न थाले । त्यसपछि उनले परदेशको बाटो समाते । कतार र साउदीका ताता सडकमा पसिना बगाए । दुर्घटनामा खुट्टा भाँचिए पनि हिम्मत भाँचिएन ।

आज उनी मनहरीमा सफल व्यवसायी मात्र होइनन् संघर्षको सुगन्ध बोकेर उठेको आत्मनिर्माणको प्रतीक बनेका छन्, भला यस्ता गाउँमै उद्यम गरेर बस्नेलाई स्थानीयदेखि प्रदेश सरकारले हौसला र उत्प्रेरणाका पुञ्ज भन्ने पत्तो पाउँदैन । अहिले उनको मासु पसल छ । डिजिटल युगलाई साथी बनाएर पसलको नाम नै 'टिकटक फ्रेस हाउस' राखे । टिकटकले भर्खर मार्केट लिएका बेला उनले यो नाम राखेर व्यवसाय गर्दा व्यवसायको नामले पनि उनलाई सहयोग गर्‍यो । उनले गाउँको लोकल कुखुरा, खसी, दशैंमा हिमाली भेगको च्याङ्ग्राको मासु स्थानीयलाई खुवाउँछन् । अहिले उनको पसलको आकर्षण भनेको गाउँमा उत्पादन भएका तरकारी, फलफूल, सिजनमा जंगली च्याउ र मुख्य भनेको राप्तीको लोकल माछालाई देशभर निर्यात गरिरहेका छन् । उनी अब गाउँका उत्पादन विश्वबजार पुऱ्याउने सपना बोकेर अघि बढिरहेका छन् । उनको मासुपसलसँग मनहरी र आसपासका एक दर्जन युवा प्रत्यक्ष अप्रत्यक्ष रोजगार छन् । पूर्वी मकवानपुरको बागमती, बकैयासम्म व्यापार विस्तारको योजना बनाउँदै गरेका र गाउँलाई विश्वमा चिनाउने सपना लिएर संघर्षरत **ईश्वर थापा 'थापा काजी'** सँग संघर्ष र सपना सम्वादः-



**बाल्यकाल कस्तो थियो ? गाउँमा जीवन बिताउँदा सबैभन्दा ठूलो कठिनाइ के थियो ?**

मेरो बाल्यकाल साँच्चै संघर्षले भरिएको थियो । बिहान मेलापात, जंगल, चिसो ढिंडोको गाँस र दिउँसो पढाइ र बेलुकी बेलुकी ढडिया बनाउने, राप्तीको चिसो पानीमा माछा मार्ने दिनचर्या थियो । गाउँकै विनाकालिका विद्यालयमा पढ्थेँ, पछि सिम्पानीको महेन्द्र किरणमा पढेँ । तर घरको अवस्था कमजोर भएकाले पढाइ निरन्तर राख्न सकिनँ । स्कुल खर्च जुटाउन पुष्टकारी बनाउँथेँ, जंगलका फलफूल र कन्दमूल बेच्थेँ, माछा मार्थेँ र बेच्थेँ पनि दैनिकी जस्तै गरियो । हामीले मारेको माछा मकवानपुरे नेता डोरमणि पौडेल जो पछि बागमती प्रदेशको मुख्यमन्त्री पनि हुनुभयो, उहाँले पनि लगेर खानुहुन्थ्यो र पछि माछा लिन आउँने क्रममा प्रशंसा गर्दा गर्वले छाति फुलाइन्थ्यो ।

कक्षा ६ सम्म पढेपछि आर्थिक कारणले पढाइ रोकियो । त्यसपछि ट्र्याक्टरमा गिट्टी-ढुङ्गा, बालुवा बोक्ने काम गर्न थालेँ र परिवारको जिम्मा सम्हालेँ । पढ्न नपाए पनि केही सिप सिक्नुपर्छ भन्ने सोच आयो र गाउँकै काका ट्रक चालक हुनुहुन्थ्यो, उहाँसँगै सह-चालक भएर हिँडे 'गुरुजी-अन्तरे' भइयो नि !

**गाडीको सहचालक बनेपछि चालक बनिन्छ भन्ने विश्वास थियो ? चालक बन्ने यात्रा कसरी शुरू भयो ?**

हो त्यतिबेला सह-चालक बनेर हिँडेपछि केही वर्षमा चालाक भइन्थ्यो । २०५८ सालमा सहचालकका रूपमा यात्रा शुरू गरेँ । केही सिप सिक्नुपर्छ भन्ने हुटहुटी थियो । गाउँकै काका चालक हुनुहुन्थ्यो, उहाँकै सान्निध्यमा सहचालक बनेँ । सानैदेखि मेहनतमा विश्वास गर्ने मान्छे, काकाले पनि माया र विश्वास दिनुभयो, गाडी चलाउन सिकाउनुभयो, मेरो सपना नै चालक बन्ने भएपछि मैले त छिट्टै गाडी सिकिहालेँ नि । छोटो समयमै राम्रोसँग गाडी चलाउन सक्ने भएँ । मेहनत देखेर काकाले सवारी अनुमति लिन सहयोग गर्नुभयो, उहाँको मप्रतिको योगदान जीवनभर बिर्सन सक्दिनँ ।

बाँकी पृष्ठ ७ मा..
















◆प्रकाशक: बागीभूगोल मिडिया नेटवर्क, राक्सिराङ-३, मकवानपुर, बागमती प्रदेश, नेपाल ◆सम्पर्क फोन: ९८५५०६८१६८, ◆इमेल:bageebhoogol@jyarlak.com ◆वेबसाइट: www.jyarlak.com
◆कर्पोरेट कार्यालय: हेटौंडा-१, राप्तीरोड, मकवानपुर, फोन: ९७६३७७९१५२, ◆इमेल:bageebhoogol@gmail.com, ◆सल्लाहकार: बनस्तम थिङ, टंक मुक्तान ◆संस्थापक: रामकुमार एलन
◆मुद्रक: सप्तर्षि पब्लिकेशन, काठमाडौँ ◆निर्देशक: राजकुमार घिमिरे, ◆संवाददाता: राजु सुनार ◆उपसम्पादक: मदन जङ्ग गम्भीर ◆सहसम्पादक: रुद्र तिमल्सिना ◆सम्पादक: सान्नानी श्रेष्ठ